मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## पेट्रोल र डिजेलको मूल्य घट्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले पेट्रोल र डिजेल/मट्टितेलको मूल्य घटाएको छ । इण्डियन आयल कर्पोरेशनबाट बिहीबार मूल्य घटेर आएपछि नेपालमा पनि भाउ घटाइएको निगमले जनाएको छ । भारतबाट पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ र डिजेलमा २.९६ रुपैयाँ घटेर आएपछि नेपालमा प्रेटोलमा प्रतिलिटर ५ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर ३ रुपैयाँले मूल्य घटाइएको निगमका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । यससँगै अब पेट्रोल प्रतिलिटर पहिलो वर्गमा १६२.५०, दोस्रोमा १६४ र तेस्रोमा १६५ पर्नेछ । त्यस्तै, डिजेल र मट्टितेल प्रतिलिटर पहिलो वर्गमा १५२.५०, दोस्रोमा १५४ र तेस्रोमा १५५ रुपैयाँ पर्नेछ । घटेको मूल्य बिहीबार राति १२ बजेदेखि लागू हुने निगमले जनाएको छ ।

वर्ष २ | अंक २६८ | २०८१ साल श्रावण ३२ गते शुक्रबार | Friday 16, August 2024 | सूर्योदय: बिहान ५:३७ बजे | सूर्यास्त: साँझ ६:४१ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## मुख्यमन्त्री सिंह र स्विस नियोगका अधिकारीबीच भेट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विकास तथा सहयोगका लागि स्विस नियोग(एसडिसी) नेपालले मधेश प्रदेश सरकारका विभिन्न योजना कार्यान्वयनमा सहयोग तथा साझेदारी गर्ने विषयमा सहमति जनाएको छ । मुख्यमन्त्री सतिशकुमार सिँहसँगको भेटमा नियोगका अधिकारीहरूले प्रदेश सरकारका अल्पकालीन तथा दीर्घकालीन महत्त्वका योजना कार्यान्वयनमा साझेदारी गर्न सकिने र प्रदेशमा सञ्चालन भइरहेका नियोगका कार्यक्रमलाई थप विस्तारित एवम् प्रभावकारी बनाइने बताएका छन् । नियोगका डेपुटी चिफ अफ मिसन म्याथियास मेयरलगायतका अधिकारीसँगको भेटमा मुख्यमन्त्री सिँहले मधेशमा सिँचाइलगायत बहुआयामिक परियोजना विकास तथा विस्तारका लागि नदी जोड्ने तथा नहर निर्माण योजना कार्यान्वयन, मधेश विश्वविद्यालयमा सङ्घीयता विषयमा विशद् अध्ययन अध्यापन गराउन, वैदेशिक रोजगारबाट फर्केकाहरूलाई दक्षता अभिवृद्धि तथा उद्यम सञ्चालन, प्रदेशमा पूर्ण साक्षरता, सूचना प्रविधिको विकास तथा व्यावसायीकीकरण आदिका क्षेत्रमा सहयोग गर्न आग्रह गरे । उनले आँप र केरालगायत खेतीको प्रवद्र्धन तथा सहउत्पादनका लागि प्रविधि हस्तान्तरण तथा उपयोगका लागि समेत नियोगका अधिकारीहरूको ध्यानाकृष्ट गराए । नियोगका डेपुटी चिफ अफ मिसन मेयरले एसडिसीमार्फत स्विट्जरल्यान्डले नेपाललाई सङ्घीय लोकतान्त्रिक राज्यका रूपमा विकसित गर्न, समतामूलक सामाजिक तथा आर्थिक विकास प्रवद्र्धन गर्न र नयाँ सङ्घीय संरचनामा महिला तथा पुरुषलाई उनीहरूको अधिकार र जिम्मेवारी प्रयोग गर्न सक्षम बनाउन सहयोग गरिरहेको बताए ।
उनले संघीय राज्य विकास, रोजगारी र आय प्रवद्र्धनसँगै नेपाली आप्रवासी कामदारको सुरक्षामा योगदान पुर्याउने, लैंगिक समानता र सामाजिक समावेशीकरण, प्रकोप जोखिम न्यूनीकरण आदिका क्षेत्रमा नियोग प्रदेश सरकारसँग काम गर्न उत्सुक रहेको उल्लेख गरे ।
मेयरले नियोगका कार्यक्रमलाई तुलनात्मक रूपमा थप सुदृढ र प्रभावकारी बनाइने उल्लेख गरे । उनले प्रदेश सरकारले पूर्वाधार विकसित गरे सूचना प्रविधि क्षेत्र विकासका लागि बहुराष्ट्रिय कम्पनीसँग जोड्न एसडिसीले सहयोग गर्ने बताए । मुख्यमन्त्रीसँगको भेटमा नियोगका प्रशासन तथा अर्थ विज्ञ मार्क वर्ली पनि सहभागी रहेका थिए ।

## प्लाष्टिकको समस्या यथावत
# माटोको उर्वरशक्तिमा असर

**वीरेन्द्र रमण**
**जनकपुरधाम**
प्लाष्टिकजन्य समानहरुको प्रयोगको कारणले वातावरण देखि माटोको उर्वराशक्तिमा समेत असर परिरहेको भएपनि सरोकारवाला निकाय भने यसलाई रोक्न ध्यान दिन नसकेको छैन । जसले प्लाष्टिकजन्य सामग्रीहरुको प्रयोग दिनप्रतिदिन बढि नै रहेको छ । घरायसी तथा अन्य विभिन्न प्रयोजनका सामान ओसारपसार गर्न प्रयोग गरिने वस्तुमध्ये प्लाष्टिक झोला एक हो । सामान खरिद बिक्री गर्दा होस या सुरक्षाका लागि सहज र भर पर्दो भएकै कारण यसको प्रयोग बढी हुने गर्दछ । प्लाष्टिकको प्रयोग बढे पनि मानव स्वास्थ्य र पर्यावरणका लागि भने अत्यन्तै हानिकारक र घातक हुन्छ । तर पनि ग्रामीण भेगदेखि शहरी क्षेत्रसम्म यसको प्रयोग निकै बढ्दो छ । जसले आगामी दिनमा मानव तथा प्रकृतिमा नकरात्मक प्रभाव पार्न सक्ने देखिएको छ । केही स्थानीय तहले यसलाई रोक्न निति नै ल्याएपनि यसको कार्यान्वयन भने हुन सकेको छैन ।





जनकपुरधाम उपमहानगरपालिकाले विगतमा प्लाष्टिकबाट बनेको झोलालाई प्रयोगमा निरुत्साहित गर्ने नीति ल्याएपनि यसको प्रयोगमा भने कमि आउन सकेको छैन । जसले वातावरणमा मात्रै नाकारात्मक असर परेको छैन । प्लाष्टिक जातातत्तै फालिएको कारणले पोखरीमा पुग्ने र यसको असर माटो मुनि समेत पर्ने गरेको छ ।

जनकपुरको अति व्यस्त मानिएको जानकी चौक र रेल्वे स्टेशनमा रहेको यो तरकारी बजारमा हरेक बिहान ६ बजेदेखि सर्वसाधारणको चलहपल शुरु हुन्छ । प्रभातकालीन व्यायममा निस्केकाहरु समेत तरकारी खरिद गर्न बजारमा पुग्दा यहाँ चहलपहल बढ्ने गर्दछ । तर उनीहरुले तरकारी बोक्नकै लागि भनेर घरबाट झोला बोकेका हुँदैनन् । त्यसका लागि उनीहरुले बजारमा पाइने प्लाष्टिकको झोलालाई प्रयोग गर्ने गरेका छन् । त्यहा विगत २० वर्षदेखि तरकारी बेच्दै आएका परीक्षण साहले तरकारी खरिद गर्नको लागि आउने कुनैपनि उपभोक्ता भने झोला लिएर नआउने गरेको बताए । उनले भने तरकारीको खरिदको लागि आउने कुनैपनि उपभोक्ताले झोला ल्याउदैन बरु उनीहरुलाई आफुहरुले तरकारी दिँदा झोलामा राखेर दिने गरेको बताए ।

वैज्ञानिकहरुका अनुसार सात प्रकारका प्लाष्टिकमध्ये पोलिथिनलाई प्लाष्टिकको एक प्रकार मानिन्छ । पेट्रोलियम पदार्थ शुद्धीकरण गरेर डिजेल पेट्रोल निकालिन्छ भने बाँकी कच्चा पदार्थलाई प्रशोधन गरी विभिन्न आकार दिएर प्लाष्टिकका सामान बनाइन्छ । यसले कति भार धान्न सक्ने, कस्तो रङ दिने र कति पटक प्रयोग गर्ने लगायतका कुरालाई निर्धारण गरी पोलिथिन निर्माण गरिन्छ । यस्ता किसिमका सामाग्रीले वातावरणमा भने नकारात्मक असर पु¥याइरहेको छ ।

जनकपुरधाममा केही अभियन्ताहरुले प्लाष्टिकलाई निरुत्साहित गर्नको लागि तरकारी बजारमा अभियान नै चलाएका थिए । तर त्यो अभियान पनि केही दिनमा नै सेलाएर गयो । अभियान चलाउने अभियन्ता बजरंग यादवले आफुहरुले अभियान चलाएपनि अभियानको क्रममा झोला समेत वितरण गरिएको तर त्यो अभियान केही दिन चलाए पनि छाडेको बताए । आफुहरु झोला समेत वितरण गरिने बताए ।

प्लाष्टिक जलाउँदा कार्बनमोनोअक्साईड, डाइओक्सिन, प्यूरान र बेन्जिन जस्ता हानीकारक ग्याँस निस्कन्छ । जसले मानव स्वास्थ्य र प्रकृतिमा प्रत्यक्ष असर पुऱ्याउने गर्दछ । प्लाष्टिक जलाउँदा निस्कने हानिकारक ग्याँसले एक गाउँ वा ठाँउलाई मात्र नभई त्यसले विश्वव्यापी रुपमा असर पुऱ्याउने गर्दछ । जसका कारण विद्वानहरुले विश्वव्यापी संकटका रुपमा बढ्दै गएको जलवायू परिवर्तनका विभिन्न कारकमध्ये प्लाष्टिकलाई पनि एउटा तत्व मानेका छन् । वातावरणविद उदेश्वर लाल दासले प्लाष्टिकको जथाभावि रुपमा प्रयोगको कारणले गर्दा वातावरणमा यसको निकै नकारात्मक असर पर्ने गरेको बताए । सन् २०११ को तथ्याङ्कअनुसार एक नेपालीले दैनिक ३ सय १७ ग्राम फोहोर फाल्छन् । जसमा १२ प्रतिशत प्लाष्टिकजन्य फोहोर हुने गरेको छ । जानेर वा नजानेर अत्याधिक रुपमा सर्वसधारणले प्लाष्टिकको प्रयोग गर्दा त्यसको नकारात्मक असर वातावरणमा परिरहेको छ । यसकारण पनि हानीकारक वस्तुको रुपमा रहेको प्लाष्टिकको प्रयोगलाई क्रमिक रुपमा घटाउदै प्रयोगमै प्रतिबन्ध लगाउनुपर्ने अवस्था सृजना भएको छ ।

## तत्कालीन उपसचिवसहित ४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेस प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका तत्कालीन उपसचिव अवधकिशोर प्रसाद कुशवाहासमेत ४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । गैरकानुनी लाभ तथा हानी पु¥याई राज्यकोषको सम्पत्ति भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार कुशवाहा लगायत विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो । आर्थिक वर्ष २०७७–०७८ मा ईलाका प्रहरी कार्यालय, गौशाला, महोत्तरीको कम्पाउण्ड वाल निर्माण कार्य गर्दा गुणस्तरहीन काम गराएर रकमहिनामिना गरेको ठहर गर्दै अख्तियारले कुशवाहा, पूर्वाधार विकास कार्यालय, धनुषाका तत्कालीन निमित्त प्रमुख रविचन्द्र पजियार र करार सेवामा कार्यरत तत्कालीन इन्जिनियर राममनिज यादवका साथै निर्माण व्यवसायी राकेश प्रसाद जायसवालविरुद्ध मुद्दा दायर गरेको हो । उनीहरुविरुद्ध पाँच लाख एकतीस हजार चार सय अठ्ठाइस रुपैयाँ पैसा सत्तरी बिगो कायम गरी कानुन अनुसार सजाय र जरिवानासमेत मागदाबी गरिएको अख्तियार प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

## आत्महत्या रोक्न विद्यालयस्तरबाटै पहल हुनुपर्दछः साह

**संजय तिवारी**
**कलैया ।**
कलैया उपमहानगरपालिकाका नगर प्रमुख बिनोद साहले समाजमा बढ्दै गईरहेको आत्महत्या न्युनिकरणका लागि विधालयस्तरबाटै पहल हुनुपर्नेमा जोड दिएका छन् । आत्महत्या गर्नेहरुमा किशोर–किशोरी तथा युवाहरुको संख्या बढ्दै गईरहेकोले त्यसको रोकथामका लागि विद्यालयस्तरबाटै सचेतना जगाउनुपर्ने उनले बताए । बिहीबार जिल्ला प्रहरी कार्यालय बाराले कलैयामा आयोजना गरेको 'आत्महत्या न्युनिकरण तथा व्यवस्थापन कार्ययोजना २०८१' को शुभारम्भ कार्यक्रमको प्रमुख आतिथ्यताबाट बोल्दै नगर प्रमुख साहले आत्महत्या रोक्न आफ्नै घर–छिमेकबाट सजगता अपनाउनुका साथै व्यापक रुपमा जनचेतना जगाउनुपर्ने बताए । समाजमा बढ्दै गएको निराशा, पश्चिमी संस्कृतिको प्रभाव तथा सामाजिक संजालको दुरुपयोगले समस्यालाई झन जटिल बनाएको नगर प्रमुख साहले बताए । जिल्ला प्रहरी कार्यालय बाराका प्रमुन एसपी महेन्द्र खड्काले बिगत १० वर्षमा बारा जिल्लामा आत्महत्याको घटना बढ्दै गएकोले त्यसको रोकथामका लागि कार्ययोजना ल्याईएको बताए । एसपी खड्काका अनुसार आर्थिक वर्ष २०८०–०८१ मा बारा जिल्लामा १ सय चौसठी वटा घटना घटेको देखिन्छ ।
जुन हरेक वर्ष बढ्दै गएको तथ्यांकले देखाएको छ । बाराका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले समय परिवर्तनसँगै आत्महत्याको कारण र तरिका बदलिँदै गएको बताउँदै मानव जीवन रक्षाका लागि सबै सचेत हुनुपर्ने जिकिर गरे । कार्यक्रममा डिएसपी प्रकाश सापकोटाले कार्यक्रम सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए भने प्रादेशिक अस्पताल कलैयाका निमित्त सुपरिटेण्डेण्ड डा.अजय गुप्ताले आत्महत्याको प्रकृति, कारण र समाधानबारे आफ्नो धारणा राखेका थिए ।

## १४ लाखबराबरको भेपसहित भारतीय पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल पर्साले करिब १३ लाख ८५ हजार रुपैयाँ बराबरको इलेक्ट्रीक चुरोट (भेप) सहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको पूर्वी चम्पारण घोडासहन ग्राम पोष्ट ११ बासुकीनाथ बस्ने अन्दाजी १ वर्षीय गोपाल कुमार रहेको प्रहरीले जनाएको छ । वीरगंज महानरपालिका वडा नम्बर १६ भन्सार मेनगेट नजिक सशस्त्र प्रहरी बल वीरगंजबाट खटिएको टोलीले भारततर्फ जादै गरेको टाँगा चेकजाँच क्रममा उक्त सामान बरामद गरेको हो । चेकजाँचका क्रममा टाँगा भित्र फल्स बटम बनाई लुकाई छिपाई राखेको १३ लाख ८५ हजार बराबरको (ईलेक्ट्रीक चुरोट) भेप ४५० थान र टाँगासहित उनलाई पक्राउ गरेको हो ।
प्रहरीका अनुसार गोपाल कुमारलाई शंका लगि चेकजाँच गर्दा उनले बोकेको झोला र शरिरमा बेरेर लुकाई छिपाई राखेको अवस्थामा तीन लाख २५ हजार रुपैयाँ बराबरको दुई केजी १७१ ग्राम चाँदीसमेत भेटिएको हो ।
चाँदीसहित उनलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि वीरगंज भन्सार कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ ।

## अब राष्ट्रियसभामा नियमित शून्य समय

**मधेशदृष्टि**
**वीरगंज ।**
सङ्घीय संसद्अन्तर्गतको राष्ट्रियसभा कार्यव्यवस्था परामर्श समितिले सभाका हरेक बैठकमा नियमित रुपमा शून्य समय राख्ने निर्णय गरेको छ ।
बिहीबारको बैठकमा राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले अब बैठकमा शून्य समय नियमित चलाउनेबारे कार्यव्यवस्था परामर्श समितिले निर्णय गरेको जानकारी गराएका हुन् । यसअघि राष्ट्रियसभामा सातामा तीन दिन शून्य समय चलाइने गरेको थियो । बैठकमा शून्य समयमा बोल्दै सांसदहरुले दलित समुदायमाथिको विभेद नहटेको, बर्खायाममा देशभर बाढी, डुबान तथा पहिरोलगायत समस्या सिर्जना भएको विषय उठाए । राष्टियसभाको बैठकमा सांसदहरु पदमबहादुर परियार र विष्णुबहादुर विश्वकर्माले दलित समुदायमाथिको विभेद अन्त्य हुन नसकेको बताए ।
सांसद रुक्मिणी कोइरालाले ज्येष्ठ नागरिकले पाउँदै आएको वृद्धभत्तालाई उनीहरुको घरघरमा पुऱ्याउनुपर्ने व्यवस्था कार्यान्वयन गरिनुपर्ने धारणा राखे ।
सांसद रेणु चन्दले देशभरका विभिन्न स्थानमा बाढी र पहिरोका कारण तटबन्ध भत्किएको र विभिन्न स्थानका बस्तीहरु असुरक्षित भएको विषयमा सरकारको ध्यानाकर्षण गराए ।
सांसद विष्णुकुमारी सापकोटाले बाढी र पहिरोका कारण ज्यान गुमाउनेहरुका परिवारलाई राहत र क्षतिपूर्ति दिइनुपर्ने, घाइतेको स्वास्थ्य उपचार र विस्थापितलाई पुनःस्थापना गरिनुपर्ने बताए ।
सांसद कृष्णप्रसाद अधिकारीले नुवाकोटको बञ्चरेडाँडास्थित 'ल्यान्डफिल्ड साइट' वरपरका बस्तीहरु विभिन्न रोगको जोखिममा रहेको विषयमा संसदमार्फत सरकारको ध्यानाकर्षण गराए ।

## सम्पादकीय

# भ्रष्टाचारीकै तरफदारी किन ?

राज्यसत्ताको उच्च ओहोदामा बसिसकेका व्यक्तिहरुले पनि स्वीकार गर्दै आइरहेको विषय भ्रष्टाचार । कतिसम्म भने अहिलेका विभिन्न राजनीतिक दलका शिर्षत् नेताहरुले नै देशमा विकासको बाधक भ्रष्टाचार भएको भन्दै सार्वजनिक रुपमा अभिव्यक्तिसमेत दिंदै आइरहेका छन् । अर्कोतर्फ नागरिक समाज तथा बौद्धिक जगतले पनि भ्रष्टाचारले मुलुक आक्रान्त बनिरहेका बेला ऐन कानुनको कडाइ गर्नुका साथै कार्यान्वयन पक्ष पनि प्रभावकारी बनाउनुपर्नेमा जोड दिने गरेका छन् । राजनीतिक नेतृत्वले सार्वजनिक खपतका लागि भ्रष्टाचारका विषयमा चर्को भाषण गर्ने गरेको भए तापनि व्यवहारतः सुधारको संकेत देखिएको छैन । उल्टै यिनी राजनीतिक नेतृत्वको सरकार बनेका बेला भ्रष्टाचार झनै फैलिएको छ । त्यसैले पनि भ्रष्टाचारका काण्डहरुमा सबैभन्दा बढी अहिलेकै राजनीतिक नेतृत्वको नाम जोडिएर आइरहेका छन् । भष्टाचारमा संलग्न व्यक्तिहरुलाई राजनीतिक संरक्षण मिल्ने गरेको विगतका घटननाक्रमले पनि देखाइसकेको छ । यदि भ्रष्टचारीलाई राजनीतिक संरक्षण हुँदैन्थ्यो भने आज देशका उच्च तहका कतिपय नेताहरु जेलमा हुन सक्थ्ये, न कि सरकारमा । त्यसैले भ्रष्टाचारीलाई राजनीतिक संरक्षण मिलेको छ भन्ने कुरामा कुनै दुई मत छैन । हालै भ्रष्टाचारमा दोषी ठहर भएका गोविन्दराज जोशीहरु अपवाद हुन् । ट्रान्सपरेन्सी इन्टरनेसनलले हरेक वर्ष सार्वजनिक गर्ने भ्रष्टाचार अवधारणा सूचकांकलाई आधार मान्ने हो भने, नेपाल विश्वमा अति भ्रष्टाचार हुने मुलुकको सूचिमा पर्छ। ट्रान्सपरेन्सी इन्टरनेसनलले पछिल्लो प्रतिवेदनअनुसार भ्रष्टाचार नियन्त्रण र सुशासनको सूचीमा नेपाल १८० मुलुकमध्ये १०८ औँ स्थानमा छ। भ्रष्टाचारको अत्य नगरी देशमा सुशासनको कल्पना गर्न सकिदैन । त्यसैले भ्रष्टाचारसँग सम्बन्धीत ऐन कानुनहरु पनि समयाअनुकुल परिमार्जन हुन आवश्यक छ । हाल प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६' माथि केही दिनयता छलफल चल्दै आइरहेको छ । उक्त छलफलका क्रममा एउटा विषयले व्यापक चर्चा पाएको छ, 'भ्रष्टाचार मुद्दामा पाँच वर्षको हदम्याद राख्ने' । संशोधन विधेयकमा भ्रष्टाचारजन्य कसुरमा मुद्दा चलाउने हदम्याद थाहा पाएको मितिले पाँच वर्षको हुने उल्लेख छ। साथै उक्त विद्येयकमा सार्वजनिक पदमा रहेको अवस्थामा कारबाही हुन नसक्रे भए अवकाश भएको पाँच वर्षभित्र कारबाही वा मुद्दा चलाउन सकिने उल्लेख गरिएको छ। उक्त विषयलाई लिएर सांसदहरुले मिश्रित प्रतिक्रिया आएको छ ।

यता अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हदम्याद राख्न नहुने सुझाव पेश गरेको छ । यसमा सांसदहरुको विवेकले कस्तो निर्णय गर्छ भन्ने कुरामा भर पर्छ । तर, यस्तो गम्भीर विषयमा सांसदहरुले पनि विवेक गुमाउनु हुन्न । भ्रष्टाचार गरेको प्रमाण फेला परेमा कुनै पनि व्यक्ति कुनै पनि समयमा कारबाहीको भागेदार हुनुपर्छ भन्ने कुराको सुनिश्चित गरिनुपर्छ । भ्रष्टाचारीलाई उन्मुक्ति दिन मनसायले कानुन बनेमा त्यसले दिर्घकालीन रुपमा देशलाई गम्भीर क्षति पुर्याउछ भन्ने कुरामा विशेष ध्यान दिन आवश्यक छ । कानुन निर्माण गर्दाखेरी नै अख्तियारको भूमिकालाई बलियो बनाउनुपर्छ । साथै कानुनको कार्यान्वयनको पाटोमा पनि अख्तियारमा कुनै पनि प्रकारको हस्तक्षेप हुन दिनु हुँदैन । राज्यका निकायहरुले स्वतन्त्र ढंगबाट काम गर्न सके भने मात्र सुशासनको अपेक्षा गर्न सकिन्छ ।

# विदेशमा उच्च शिक्षाः बढ्दो विद्यार्थी र फेरिएको गन्तव्य



कमलकुमार बस्नेत

> सरकारी छात्रवृत्तिमा विदेश पढ्न जान थालेको नयाँ भने होइन । नेपालको इतिहासमा पहिलोपटक पढ्नका लागि विदेश जानेमा जयपृथ्वीबहादुर सिंहलाई लिन सकिन्छ । सन् १८७७ अगष्ट २१ मा बझाङको चैनपुरमा जन्मिएका सिंहले पाँच वर्षको उमेरदेखि पढाइ शुरु गरेका थिए । उनले काठमाडौँको दरबार हाई स्कुलमा पढेका थिए भने सन् १८८९ मा भारतको कलकताबाट मेट्रिक पास गरेका थिए ।

पछिल्लो एक दशकमा उच्च शिक्षाका लागि विदेश जान शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखाबाट 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी)लिनेको संख्या तीन सय प्रतिशतले बढेको छ । एक दशकअघि अर्थात् आर्थिक वर्ष २०७०÷७१ मा उच्च शिक्षाका लागि विभिन्न देश जान मन्त्रालयको उक्त शाखाबाट २८ हजार एक सय २६ वटा एनओसी जारी भएकामा गत आव २०८०÷८१ मा ६६ वटा देशका लागि एक लाख १२ हजार दुई सय ५६ वटा एनओसी जारी भएका छन्।

प्रत्येक वर्ष एनओसी लिनेको संख्यासँगै शिक्षाका नाममा विदेशिने रकम पनि बढिरहेको छ। नेपाल राष्ट्र बैङ्कका अनुसार पछिल्लो १० वर्षमा उच्च शिक्षाका नाममा पाँच खर्ब १८ अर्ब ७३ करोड रुपैयाँ बाहिरिएको छ। विदेशमा पढ्न जाने विद्यार्थीहरुलाई मुद्रा सटहीका लागि एनओसी लिन्छन्। विदेशमा पढ्का लागि लाग्ने शुल्कका आधारमा एनओसी गर्दै आएको छ। एनओसीका आधारमा विद्यार्थीले बैङ्किङ प्रणालीमार्फत विदेशस्थित कलेज तथा विश्वविद्यालयमा शुल्क पढाउँछन्। यसरी बैङ्कमार्फत रकम पढाउँदा उनीहरुले तीन प्रतिशत शिक्षा सेवा शुल्क बुझाउनुपर्छ।

### फेरिएको गन्तव्य

झन्डै एक दशकयता नेपाली विद्यार्थीको पहिलो रोजाइको गन्तव्य बनेको अष्ट्रेलिया गत आर्थिक वर्षमा भने तेस्रो स्थानमा सीमित भएको छ। अष्ट्रेलिया जान चाहने विद्यार्थी कम हुँदै गर्दा विद्यार्थीको ठूलो हिस्साको आकर्षणमा जापान परेको छ। अघिल्लो आव २०७९÷८० मा कुल जारी भएका एनओसीमध्ये ३० दशमलव ७७ प्रतिशत अष्ट्रेलियाका लागि रहेकामा गत आवमा यो संख्या १२ दशमलव ८० प्रतिशतमा सीमित भएको छ।

त्यसैगरी, अघिल्लो आवमा १९ दशमलव २८ प्रतिशतले जापान जानका लागि एनओसी लिएकामा यो संख्या गत आवमा बढेर ३० दशमलव ९३ प्रतिशत पुगेर नेपाली विद्यार्थीको पहिलो रोजाइको गन्तव्य बनेको छ। अघिल्लो आवमा प्रमुख रोजाइको गन्तव्यमा तेस्रो स्थानमा रहेको क्यानडा गत आवमा दोस्रो स्थानमा उक्लिएको छ तर एनओसी लिनेको संख्या भने कम भएको छ। क्यानडा जानका लागि अघिल्लो आवमा १९ दशमलव ५४ प्रतिशतले एनओसी लिएकामा यो संख्या गत आवमा १४ दशमलव २३ प्रतिशतमा सीमित रह्यो।

अष्ट्रेलिया सरकारले लिएको नीतिका कारण त्यहाँ जाने नेपाली विद्यार्थीको संख्या कम भएको नेपाल शैक्षिक परामर्श सङ्घ (इक्यान)का अध्यक्ष शेषराज भट्टराईको बुझाइ छ। तथ्याङ्कअनुसार गत आवमा उच्च शिक्षाका लागि कतार र युनाइटेड अरब इमिरेट्स (युएई) जान चाहने विद्यार्थीको संख्या पनि उल्लेखनीय छ। गत आवमा शिक्षा मन्त्रालयबाट कतारका लागि एक सय ६५ र युएईका लागि दुई हजार एक सय ४७ वटा एनओसी जारी भएका छन्।

### दक्षिण कोरिया पनि प्राथमिकतामा

पछिल्लो समय दक्षिण कोरियामा पनि उच्च शिक्षाका लागि विदेशी विद्यार्थीको आकर्षण बढेको छ। शिक्षा मन्त्रालयका अनुसार गत आवमा मात्रै कोरियामा अध्ययन गर्न जानका लागि छ हजार आठ सय ८९ वटा एनओसी जारी भएका छन्। कोरियाले नै सन् २०२७ सम्ममा विदेशी विद्यार्थीको संख्या तीन लाख पु¥याउने लक्ष्य लिएको छ। यसअनुसार पछिल्लो समय दक्षिण कोरिया नेपाल मात्रै नभई अन्य देशका विद्यार्थीका लागि रोजाइको गन्तव्य बन्दै गएको छ।

कोरिया शैक्षिक परामर्श सङ्घ, नेपाल (केइक्यान)का अध्यक्ष गणेश शर्मा दक्षिण कोरियामा गुणस्तरीय शिक्षा सस्तोमा पढ्न पाइने भएकाले नेपाली विद्यार्थीको आकर्षण बढेको बताउनुहुन्छ। उहाँका अनुसार अष्ट्रेलियालगायत देशको तुलनामा कोरियामा निकै सस्तोमा विश्वविद्यालयमा अध्ययन गर्न पाइन्छ। 'दक्षिण कोरियामा अष्ट्रेलिया र बेलालयतलगायत देशको तुलनामा ८० प्रतिशतभन्दा बढी सस्तो शुल्कमा उच्च शिक्षा पढ्न पाउने सुविधा छ' अध्यक्ष शर्माले भने, 'छ महिनामध्ये तीन महिना आंशिक र तीन महिना पूर्णरुपमा काम गर्न पाउने भएकाले पनि विद्यार्थीको आकर्षण बढेको छ।'

हाल कोरिया सरकारले अध्ययन पूरा भएपछि छ महिनासम्म जागिर खोज्नका लागि अनुमति दिन्छ। जसलाई दुई वर्षसम्म बढाउने सकिने व्यवस्था छ। साथै सन् २०२५ देखि भने पढाइ पूरा भएपछि तीन वर्षसम्म कोरियामै रहेर काम खोज्न पाउने सुविधा थप गर्ने योजनामा त्यहाँको सरकार छ।

### किन घट्यो अष्ट्रेलिया ?

नेपाल शैक्षिक परामर्श सङ्घ (इक्यान)का अध्यक्ष शेषराज भट्टराई अष्ट्रेलियाले भिसामा कडाइ गरेकाले त्यहाँ जाने विद्यार्थीहरुको संख्या कम भएको बताउँछन्। उनका अनुसार त्यहाँको माइग्रेसन नीति, भिसामा कडाइ र आर्थिक दबाबका कारण विद्यार्थीहरुको संख्या घट्दो रहेको हो।

अष्ट्रेलियन सरकारले कलेज तथा विश्वविद्यालयमा विदेशी विद्यार्थीका लागि ४० प्रतिशतको सीमा तोक्न लागेको छ। जसअनुसार शिक्षण संस्थाले वर्षमा अधिकतम् ४० प्रतिशतभन्दा बढी भर्ना गर्न पाउने छैनन्। यसले त्यहाँको श्रम बजारमा ठूलो असर पार्ने देखिएको छ। त्यसैले गर्दा अहिले अष्ट्रेलियामो यो चर्चाको विषय बनेको छ।

अष्ट्रेलिया सरकारले वेबसाइटमा उपलब्ध गराएको पछिल्लो तथ्याङ्कअनुसार हाल ५६ हजार दुई ९६ जना नेपाली विद्यार्थी भिसामा अष्ट्रेलियामा अध्ययन गरिरहेका छन्। यसमध्ये सबैभन्दा धैरै ३५ हजार आठ सय ९७ जना विद्यार्थी न्यू साउथ वेल्स राज्य र भिक्टोरिया राज्य सात हजार नौ सय १३ जना विद्यार्थी छन्। उत्तरी क्षेत्रमा भने विदेशी विद्यार्थीमा नेपालीको संख्या सबैभन्दा बढी अर्थात् एक हजार एक सय १५ छ।

अष्ट्रेलियामा सबैभन्दा बढी चिनियाँ विद्यार्थीहरु एक लाख ५० हजार सात सय ६७ र भारतीय विद्यार्थी एक लाख १६ हजार छ सय १० विद्यार्थी अध्ययनरत छन्। संख्याका हिसाबले नेपालीहरुको तेस्रो स्थनामा छन्। त्यसबाहेक फिलिपिन्स, भियतनाम, कोलम्बिया, थाइल्यान्ड, पाकिस्तान, इन्डोनेसिया र ब्राजिलका विद्यार्थी क्रमशः शीर्ष १० मा छन्।

### एनओसी लिएका सबै जान्छन् ?

नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिने सबै विद्यार्थी उच्च शिक्षाका लागि विदेश नै जान्छन् भन्ने हुँदैन। विदेशस्थित सम्बन्धित कलेज, विश्वविद्यालय वा शिक्षण संस्थाले पढ्न लागि अनुमति दिएपछि निश्चित शुल्क अग्रिम बुझाउनुपर्ने हुन्छ। अधिकांश देशका हकमा पहिले बैङ्किङ प्रणालीमार्फत शुल्क पठाएपछि भिसाको प्रक्रिया शुरु हुन्छ।

एनओसी लिनेमध्ये औसतमा ६० प्रतिशतको हाराहारीमा मात्रै भिसा लाग्ने गरेको इक्यानका अध्यक्ष शेषराज भट्टराईको अनुभव छ। यद्यपि यो आँकडा देशअनुसार भने फरक हुन्छ। 'एनओसी लिनु भनेको उच्च शिक्षाका लागि विदेश जाने प्रक्रियाको एउटा पाटो हो, तर सबै विदेश जाने भन्ने हुँदैन, अधिकांश देशका लागि एनओसीको काम पूरा भएपछि भिसा लगाउने प्रक्रिया सुरु हुने भएकाले सबैको भिसा लागेको हुँदैन' उनले भने। एनओसी जारी भएपछि विद्यार्थीले विदेशमा पैसा पठाउन पाउँछन्। यदि भिसा नलागेको अवस्थामा कलेज तथा विश्वविद्यालयले निश्चित प्रक्रिया पूरा गरेपछि पुनः पैसा पठाउँछन्।

### विदेश जानबाट रोक्न सकिन्छ ?

शिक्षाविद् डा विद्यानाथ कोइराला विदेश जान कसैलाई पनि रोक्न नसकिने बताउँछन्। उनीहरु किन जान्छन् भन्ने थाहा पाउने हो र सोहीअनुसार आवश्यकता पूरा गर्न सक्ने हो भने उनीहरु आफैँ रोकिने उनको तर्क छ। 'दैनिक दुई हजार नेपाली विदेश जान्छन् भन्ने हो भने एक हजार दुई सय आउँछन् पनि। आउनेहरुको संख्या किन नभन्ने' उनले भने, 'यसरी हेर्दा दैनिक आठ सय मात्रै जाने रहेछन्।'

उच्च शिक्षाका लागि विदेशी मुलुक जानेमध्ये ९० प्रतिशत कामका लागि र १० प्रतिशत मात्रै पढ्नका लागि जान्छन् भन्न सकिने उनको बुझाइ छ। यदि विद्यार्थीहरु काम र पैसाकै लागि जाने हो भने हामीले स्वदेशमै पैसा कमाउने सीप किन नसिकाउने, रोजगारी किन सिर्जना नगर्ने भन्नेतर्फ हामीले नसोचेको पो हो कि भन्ने उनको बुझाइ छ।

डा कोइराला नीतिनिर्माण तहमा बस्नेहरुमा पनि त्यस प्रकारको सोच नपाएको हो कि भन्ने शङ्का गर्छन्। 'हामीले १५औँ योजनामा कहाँ चुक्यौँ र १६औँ योजना बनाउँदा के सुधार गर्नुपर्छ भन्ने खालको चिन्तनको कमी हो कि भन्ने लाग्छ' उनले भने, 'नेपाली विद्यार्थी विदेश गए भन्ने तर विदेशबाट पनि कैयौँ विषय पढाउनका लागि विद्यार्थी ल्याउन सक्छौँ भन्नेतर्फ किन नसाचेको होला भन्ने लाग्छ।'

उनी 'ब्रेन डेन' भन्दा पनि अब 'रिगेन'को सोचबाट नीति बनाउने र कार्यान्वयन आवश्यक रहेको बताउँछन्। त्यसबाहेक सङ्घीय, प्रदेश र स्थाानीय तीनवटै तहले क्षेत्राधिकारका आधारमा नीति निर्माण र कार्यान्वयन गर्नसक्नुपर्ने उनको सुझाव छ। त्यसो त शिक्षाकै लागि यति ठूलो संख्यामा विदेश जानुपर्ने अवस्था नभएको जानकारहरु बताउँछन्।

पछिल्लो समय नेपालकै कलेजहरुमा विभिन्न विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भई कोर्स अध्यापन भइरहेकाले पढ्नकै लागि यति ठूलो संख्यामा विदेशिनुपर्ने अवस्था नरहेको उनीहरुको बुझाइ छ। यद्यपि केही कोर्सका लागि भने अझै पनि विदेश जानुपर्ने अवस्था छ। त्यो अवस्था नेपालमा मात्रै होइन, अन्य मुलुकमा पनि छ। संयुक्त अरब इमिरेट्स (युएई)ले सन् २०२८ सम्ममा छ हजार विद्यार्थीलाई अमेरिका र क्यानडामा विभिन्न कार्यक्रमका लागि पठाउनका लागि छात्रवृत्ति कार्यक्रम सुरु गरेको छ। खाटवा (राइजअप) छात्रवृत्ति कार्यक्रम सेप्टेम्बर २०२२ मा घोषणा गरिएको थियो। यसलाई आबुधावी शिक्षा र ज्ञान विभागद्वारा सञ्चालित यो कार्यक्रम पाँच सय २० मिलियन डलरको हो। यो कार्यक्रम विभिन्न शैक्षिक र सामाजिक पृष्ठभूमिका विद्यार्थीलाई लक्षित गरिएको हो।

### सरकारी छात्रवृत्तिमा पनि जान्छन् विदेश

बर्सेनि सरकारी छात्रवृत्तिमा पढ्नका लागि विदेश जाने चलन नयाँ होइन। सरकारले विभिन्न कोर्सका लागि निश्चित मापदण्ड पूरा गरेका कर्मचारीहरुलाई सर्तका आधारमा विदेश पढ्न पढाउने गरेको छ। तर यसरी गएका कर्मचारी उतै हराउने समस्या पनि उत्तिकै छ।

हाल सरकारी कर्मचारीहरु विभिन्न कार्यक्रममार्फत उच्च शिक्षाका लागि विदेश गइरहेका छन्। यस्तो संख्या वार्षिक करिब दुई सय जति रहेको जानकार बताउँछन्। यसमा कतिपयहरु सम्बन्धित देशको छात्रवृत्ति त केही नेपाल सरकारको छात्रवृत्तिमा पढ्न जाने गरेका छन्।

सरकारी छात्रवृत्तिमा विदेश पढ्न जान थालेको नयाँ भने होइन। नेपालको इतिहासमा पहिलोपटक पढ्नका लागि विदेश जानेमा जयपृथ्वीबहादुर सिंहलाई लिन सकिन्छ। सन् १८७७ अगष्ट २१ मा बझाङको चैनपुरमा जन्मिएका सिंहले पाँच वर्षको उमेरदेखि पढाइ शुरु गरेका थिए। उनले काठमाडौँको दरबार हाई स्कुलमा पढेका थिए भने सन् १८८९ मा भारतको कलकताबाट मेट्रिक पास गरेका थिए। उनले इन्टरमिडियट तह भारतको प्रयाग कलेजबाट उत्तीर्ण गरेका थिए।

सन् १८९४ मा बझाङ फर्किएका उनले त्यहाँबाट विभिन्न जातका आठजना युवालाई तालिम र शिक्षाका लागि काठमाडौँ पठाएका थिए। पढ्नकै लागि टाढाटाढासम्म पुग्ने चलन नेपालको इतिहासमा पनि लामो रहेको बुझ्न सकिन्छ। त्यसबाहेक भारतको बनारस, दार्जिलिङ तथा बेलायतलगायत नेपालबाट पढ्न जाने चलन नौलो नभएको देखिन्छ।

सरकारी सन् १९०२ मा नेपालबाट आठजना विद्यार्थीहरु सरकारी छात्रवृ्त्तिमा पहिलोपटक उच्च शिक्षाका लागि जापान गएका थिए। नेपालबाट अप्रिलबाट जापान हिंडेका उनीहरु योकाहामा नामको पानीजहाजमार्फत सन् १९०२ जुन १७ मा जापान पुगेका थिए। जङ्गनरसिंह राना (२२) र भक्तबहादुर बस्नेत (१९) आम्र्स टेक्नोलोजी, देव नरसिंह राना (२०) र बाल नरसिंह रायमाझी (२०) माइनिङ पढ्न जापान पुगेका थिए।

त्यसैगरी, दीप नरसिंह राना (१८) कृषि, हेमबहादुर राजभण्डारी (२२) मेकानिकल इन्जिनियरिङ, रुद्रलाल सिंह (२७) केमेस्ट्री र विचारमान सिंह (२५) सेरिकल्चर पढ्न जापान गएका थिए। उनीहरु त्यहाँ तीन वर्ष बसी सन् १९०५ मा नेपाल फर्किएर जागिर गर्न थालेका थिए। उनीहरु नेपाल फर्कंदा ज्ञान, सीप प्रविधि मात्रै सिकेनन् गोदाबरी, कटुस, हलुवाबेद र विस्टेरियाको जस्ता फलफूल र वनस्पती आदि पनि नेपाल ल्याएका थिए।

### कुन वर्षमा कति रकम बाहिरियो ?

केन्द्रीय बैङ्कका अनुसार आर्थिक वर्ष २०७१–७२ मा १८ अर्ब १० करोड रुपैयाँ, आव २०७२–७३ मा २० अर्ब १० करोड रुपैयाँ, आव २०७३–७४ मा ३५ अर्ब रुपैयाँ आव २०७४–७५ मा ३८ अर्ब १० करोड रुपैयाँ रकम बाहिरिएको थियो। त्यसैगरी, आव २०७५–७६ मा ४६ अर्ब ३२ करोड रुपैयाँ, आव २०७६–७७ मा २४ अर्ब ८१ करोड रुपैयाँ, आव २०७७–७८ मा २४ अर्ब ९५ करोड रुपैयाँ, आव २०७८–७९ मा ६७ अर्ब ७० करोड रुपैयाँ, आव २०७९–८० मा एक खर्ब ४२ करोड रुपैयाँ र गत आवको जेठसम्म एक खर्ब १७ अर्ब एक करोड रुपैयाँ रकम बाहिरिएको छ। शिक्षाका नाममा बाहिरिने रकमको तुलनामा भ्रमणमा नाममा बाहिरिने रकमको अंश भने कम छ। केन्द्रीय बैङ्कका अनुसार गत आवको जेठसम्म भ्रमणका नाममा मुलुकबाट ५८ अर्ब रुपैयाँ बाहिरिएको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दभिर्कताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# सर्लाहीका अधिकांश विद्यालयमा शिक्षक दरबन्दी न्यून

**बरहथवा ।**
सर्लाहीका अधिकांश विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी अभावले पठनपाठन प्रभावित भएको छ । जिल्लाका अधिकांश विद्यालयमा न्यूनतमभन्दा पनि धेरै कम शिक्षक दरबन्दी छ । हाल जिल्लामा एक शिक्षक बराबर एक सय १७ जना विद्यार्थी छन् । शिक्षक दरबन्दी पर्याप्त नभएका कारण कक्षा ५ सम्मका विद्यार्थीलाई दुई जना मात्रै शिक्षकले पढाउनुपरेको गोडैता नगरपालिका–२ जयपुरमा रहेको जनता आधारभूत विद्यालयका प्रधानाध्यापक गर्बु महतोले गुनासो गरे । शिक्षा विकास तथा समन्वय एकाइका अनुसार शिक्षकको दरबन्दी न्यूनतम आवश्यकताको पनि आधाभन्दा कम छ ।
जिल्लामा चार सय ४७ वटा सामुदायिक, एक सय ९८ वटा संस्थागत र ७२ वटा धार्मिक विद्यालय सञ्चालनमा रहेको शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्रमुख तारापति खरेलले जानकारी दिए । शिक्षा समन्वयको तथ्याङ्कअनुसार प्राथमिकदेखि उच्च माध्यामिक तहसम्म एक हजार सात सय १० वटा स्वीकृत शिक्षकको दरबन्दी र छ सय ९३ वटा अनुदान राहत शिक्षक गरी कूल दुई हजार तीन सय ८८ वटा मात्र दरबन्दी कायम छ ।
विद्यार्थी र विद्यालयको अनुपातमा कम्तीमा जिल्लामा दुवै प्रक्रियाबाट न्यूनतम पाँच हजार तीन सय २७ वटा शिक्षक दरबन्दी आवश्यक रहेको कार्यालय प्रमुख खरेलले बताए । शिक्षक दरबन्दी अभावका कारण जिल्लामा अधिकांश विद्यालय सङ्कटमा परेका उनको भनाइ छ । 'आन्तरिक स्रोत जुटाउन सक्ने केही पालिकाले शिक्षक राखेका छन्, उनीहरुको अवस्था राम्रो छ । बाँकीको अवस्था नाजुक छ ।' शिक्षक पर्याप्त नभएका कारण पठनपाठन प्रभावित भएको हरिपुर्वा नगरपालिकास्थित केशवर गरिब जनता माध्यमिक विद्यालयका छात्र राम विश्वास रायले गुनासो गरे । 'विद्यालयमा सधैँ शिक्षकको अभाव छ । किताब पढ्नै नपाइ परीक्षा दिनुपरिरहेको छ' उनले भने ।
जिल्लामा प्राविधिक धारतर्फ भने शिक्षक दरबन्दी न्यूनतम आवश्यकताअनुसार नै रहेको उनले बताए ।
पशु विज्ञान, बाली विज्ञान, कम्प्युटर, सिभिल इञ्जिनियरिङ गरेर जिल्लामा नौ वटा प्राविधिक धारतर्फ विद्यालय छन् । त्यसका लागि न्यूनतम आवश्यकताअनुसार ७३ वटा शिक्षक दरबन्दी छन् । त्यस्तै सुस्त श्रवणका लागि लक्षित विद्यालय पाँच, बौद्धिक अपाङ्गता भएकाका लक्षित तीन र न्यून दृष्टियुक्तका लागि एक विद्यालय सञ्चालन भइरहेका हुन् । १० वटा माध्यमिक विद्यालयमा नमूना कार्यक्रम सञ्चालन भइरहेको शिक्षा समन्वय कार्यालय मलङ्गवाका प्राविधिक सहायक सुनीलप्रसाद कुशवाहले जानकारी दिए ।
विसं २०५८ मा कायम भएको स्वीकृत शिक्षक दरबन्दी र विसं २०६७ मा कायम राहत अनुदान शिक्षक दरबन्दीकै भरमा विद्यालयमा पठनपाठन गराउनु परिरहेको बागमती नगरपालिका–२, घरहरामा रहेको जनबाल कल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रकाशबहादुर जिम्बाको भनाइ छ । त्यसयता विद्यालयको स्तरोन्तति तथा विद्यार्थीको अनुपातमा भएको वृद्धिका कारण थोरै दरबन्दीमा पठनपाठन सकसपूर्ण भएको उनले बताए । तीन वटै सरकार शिक्षा क्षेत्रमा भएको समस्या समाधानम उदासिन देखिएको शिक्षासेवी तथा नागरिक समाजका अगुवा उग्रकान्त मिश्रले टिप्पणी गरे । नागरिकबाट बालबालिकाले न्यूनतम मात्रामा शिक्षक नपाउनु विडम्बना भएको उनको भनाइ छ । जिल्लामा सबै तहका गरी एक लाख ३४ हजार सात सय ९९ छात्रा र एक लाख ४२ हजार पाँच सय ६१ जना छात्र गरी कूल दुई लाख ७७ हजार तीन सय ६० जना छात्रछात्रा अध्यनरत छन् । तराईका जिल्लामा प्रावि तहमा प्रतिशिक्षक ५० जना र मावि तहमा प्रतिशिक्षक अधिकतम ४० जना विद्यार्थी रहने सङ्घीय शिक्षा ऐनमा उल्लेख छ । रासस

# सहिद केशवको ५०औँ सहादत दिवस मनाइयो

**महोत्तरी ।**
नेपाली प्रजातान्त्रिक आन्दोलनका अमर सहिद केशव कोइरालाको ५०औं सहादत दिवस आज मनाइएको छ । महोत्तरीको मटिहानी नगरपालिका–८ राम माध्यमिक विद्यालय परिसरस्थित सहिद केशव कोइराला स्मारकस्थलमा निर्मित सहिद प्रतिमामा माल्यार्पण र श्रद्धासुमन व्यक्त गर्दै ५०औँ सहादत दिवस मनाइएको हो । कार्यक्रममा मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले सहिदप्रति सम्मान व्यक्त गर्दै नेपालको प्रजातान्त्रिक आन्दोलनमा सहिद कोइरालाको सहादतले निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध लाग्न आम मटिहानीवासीलाई प्रेरित गरेको बताए । मण्डलले सहिदको योगदान र सहादतलाई पछिसम्म सम्झना राख्न सहिद केशव कोइरालाका नाउँमा उद्यान, स्मारक र सभाहल निर्माण गरिएको उल्लेख गरे ।
कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता तथा सामाजिक सङ्संस्थाका प्रतिनिधिले सहिद केशव कोइरालाको सङ्घर्षपूर्ण जीवनबारे प्रकाश पारे । नेपाली कांग्रेसका बैजनाथ मण्डल, नेपाल कम्यनिष्ट पार्टी (एमाले) का जुगेश्वर खत्बे, नेकपा (माओवादी केन्द्र)का उमाशङ्कर साह र लोसपाका श्यामकुमार मण्डल तथा जवाहर साह कसेराजसहितले सहिद केशव कोइरालाको सहादतले मटिहानीको परिचयमा प्रजातान्त्रिक आन्दोलन जोडिएको स्मरण गरे ।
सो अवसरमा राम माविका प्रधानाध्यापक श्रीष मिश्रले ओखलढुङ्गाको भएर पनि सहिद केशवले ऊर्जावान उमेर मटिहानीमा बिताउँदै यस भेगमा पञ्चायतविरुद्ध जनमत निर्माणमा योगदान दिएको बताए । कार्यक्रम सहिद केशव कोइराला स्मृति प्रतिष्ठानका अध्यक्ष उपेन्द्र चौधरीको अध्यक्षतामा सम्पन्न भएको हो । विसं २०१७ मा संसदीय प्रजातान्त्रिक व्यवस्था खोसिएर पञ्चायती व्यवस्था लादिएपछि कोइराला विद्यार्थी जीवनमै नेपाली कांग्रेसमा आबद्ध भएर प्रजातन्त्र पुनःस्थापनाको आन्दोलनमा होमिनु भएको थियो ।
मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) मा अध्ययनरत रहेकै बेला कांग्रेसको सशस्त्र आन्दोलनमा लाग्नुभएका कोइरालालाई महोत्तरीवासीले आदरका साथ सम्झने मटिहानीकै बासिन्दा ९० वर्षीय प्रेस स्वतन्त्रता सेनानी बिन्देश्वरीप्रसाद मण्डल बताउँछन् । कोइरालाले २०३१ साल साउन ३१ गते मटिहानी प्रहरी चौकी कब्जा गर्ने क्रममा प्रहरीको गोली लागेर सहादत प्राप्त गरेका हुन् । मटिहानी प्रहरी चौकीमा विस्फोटको योजना बनाउने तत्कालीन नेपाली कांग्रेसका नेताहरु गणेश नेपाली, बलराम शर्मा, महेश कोइराला, श्रीधर झा र केशव कोइरालामध्ये २०३१ साल साउन ३१ गते राती चौकीमा विस्फोटको जिम्मेवारी साथीहरुबीच लिएका कोइरालाले विष्फोट गराएलगत्तै प्रहरीले गरेको फायरिङमा उनको निधन भएको मटिहानीवासी सम्झन्छन् ।
विसं २००७ मा पूर्वी नेपालको ओखलढुङ्गामा जन्मेर महोत्तरीलाई प्रजातान्त्रिक आन्दोलनको कर्मक्षेत्र बनाउनुभएका सहिद कोइरालाको सहादतलाई चिरस्थायी बनाउन मटिहानी–जलेश्वर सडकको नामकरण सहिद केशव कोइराला मार्ग गरिनुपर्ने र उनको सहादतस्थल अहिलेको श्रीराम माध्यमिक विद्यालय परिसरमा मित्रराष्ट्र भारतको सहयोगले बनेको विद्यालय भवनको नाउँ पनि सहिद केशव विद्या सदन राखिनुपर्ने सहिद केशव कोइराला स्मृति प्रतिष्ठानका अध्यक्ष चौधरीको माग छ । सहादतस्थलमा नगरपालिकाले स्मारकस्थल र सहिद केशव कोइरालाकै नाउँमा सभाभवन निर्माण गरेको छ । स्मारकस्थलमा सहिद प्रतिमा उहाँकी धर्मपत्नी गुणकुमारी र छोरी समिता कोइरालाले स्थापित गरेका हुन् । सहिद केशव कोइरालाको प्रतिमा गत चैत ३ गते राष्ट्रपति रामचन्द्र पौडेलले अनावरण गरेका हुन् ।
कोइराला कलकलाउँदो २४ वर्षे उमेरमा काखकी छोरी र पत्नीलाई छाडेर प्रजातान्त्रिक आन्दोलनमा लागेका थिए । सहादतको निकै वर्षपछि मात्र २०७४ सालमा केपी शर्मा ओली नेतृत्वको सरकारले कोइरालालाई सहिद घोषणा गरेको हो । सहिद कोइरालाका परिवारमा धर्मपत्नी गुणकुमारी, छोरी समिता र छोरीतर्फका दुई नाति रहेका छन् । समिताका पति उज्ज्वल बराल नेपाली कांग्रेसमा आबद्ध छन् । रासस

# ढल्केबर लोहारपट्टी प्रसारण लाइन सञ्चालनमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको ढल्केबरबाट महोत्तरीको लोहारपट्टीसम्मको १३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भएको छ । ढल्केबर–लोहारपट्टी प्रसारण लाइन र लोहारपट्टी १३२ केभी सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा (चार्ज) ल्याइएको छ ।
धनुषा र महोत्तरीको विद्युत् आपूर्ति प्रणाली सुधार, बढ्दो विद्युत् माग व्यवस्थापन र विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन सरकार र नेपाल विद्युत् प्राधिकरणको करिब १ अर्ब १३ करोड रुपैयाँ लगानीमा आयोजना निर्माण गरिएको हो । डबल सर्किट प्रसारण लाइनको लम्बाइ २३ किलोमिटर छ । प्रसारण लाइनका लागि ९१ वटा टावर निर्माण गरिएका छन् । सबस्टेसनमा १३२÷३३ केभी, ३० एमभीए क्षमताका दुई थान पावर ट्रान्सफर्मर र १३२÷११ केभी, २२.५ एमभीए क्षमताको एक थान ट्रान्सफर्मर छन् । समग्रमा सबस्टेसनको क्षमता ८२.५ एमभीए छ । सबस्टेसनबाट विद्युत् आपूर्ति सुरु भएपछि मुख्य रूपमा जनकपुर, जलेश्वर, गौशाला र यदुकुवा वितरण केन्द्रअन्तर्गतका करिब डेढ लाख ग्राहक लाभान्वित हुनेछन् ।
अब त्यस क्षेत्रको चुहावट कम हुने, न्यून भोल्टेज र छिनछिनमा विद्युत् विच्छेद (ट्रिपिङ) लगायतका समस्या समाधान भई समग्रमा विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय हुने प्राधिकरण मधेश प्रादेशिक कार्यालयका निर्देशक मुनिन्द्र ठाकुरले बताए ।
यसअघि उक्त क्षेत्रमा ढल्केबरबाट जनकपुरको मुजलिया हुँदै विद्युत् आपूर्ति हुँदै आएको थियो । लाइन लामो र क्षमताले नधान्दा न्यून भोल्टेज, ट्रिपिङलगायत समस्या थिए । स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ३३ केभीका चार वटा फिडर निकाल्न सक्ने गरी संरचना तयार गरिएको छ । ३३ केभीका २ वटा फिडर जलेश्वर, १ वटा गौशाला र १ वटा जनकपुर क्षेत्रमा विद्युत् आपूर्तिका लागि प्रयोग गरिने छ ।
यसमध्ये जनकपुरतर्फको १ वटा फिडर निर्माण सम्पन्न गरी चालु गरिएको छ । लोहारपट्टी सबस्टेसन वरपरको क्षेत्रमा विद्युत् आपूर्तिका लागि ११ केभीका ४ वटा फिडर लाइन निकाल्न सक्ने व्यवस्था गरिएको छ । त्यसमध्ये २ वटा फिडर निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ । प्रसारण लाइन आयोजना करिब ३ वर्षअघि शुरु गरिएको थियो ।

# परवानीपुर सडक खण्डमा वृक्षारोपण




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजलाई हराभरा र सौन्दर्यकरण गर्ने अभियान अन्तर्गत महानगरपालिकाले बिहीबार ड्राइपोर्ट परवानीपुर सडक खण्डमा बृहत रुपमा वृक्षारोपण गरिएको छ । आइसीपीदेखि हरपतगंज चोकसम्मको डिभाइडरमा यसअघि नै वृक्षारोपण गरेर हरियाली बनाइसकेको महानगरले बिहीबार नेपाली सेना, नेपाल प्रहरी, ग्रिन सिटी सामुदायिक केन्द्र, साहिब दरवारलगायतका संघ संस्थाको सहयोगमा वीरगंजको अपौनीतर्फको सडक डिभाइडरमा वृक्षारोपण गरिएको हो ।
महानगरपालिकाले ड्राइपोर्टदेखि परवानीपुरसम्मै सडकको डिभाइडरमा १० हजार विरुवा रोप्ने लक्ष्यका साथ अगाडि बढेको जनाइएको छ । वृक्षारोपणले हरित शहर बनाउन मद्धत पुग्नुका साथै सडक सौन्दर्य पनि झल्किने भएकाले वृक्षारोपणलाई प्राथमिकताका साथ अगाडि बढाइएको महानगरपालिकाले जनाएको छ । महानगरले शंकराचार्यद्वारदेखि गण्डकसम्मको बाइपास सडकमा बृक्षारोपण गरेर यसअघि नै हरियाली बनाउने काम गरिसकेको छ । अब बाँकी रहेका सडक डिभाइडर तथा किनारामा बृक्षारोपण सक्ने कार्यलाई अघि बढाइएको ग्रिन सिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए । महानगरले बिहीबार ड्राइपोर्ट परवानीपुर सडकको डिभाइडरमा म्याङ्गो स्टिक, गुल्मोहर, पिपल, समी, अशोक, निमलगायत विभिन्न प्रजातीका पाँच सय बिरुवा रोपिएको महानगरका महानगरपालिकाको वातावरण शाखा प्रमुख राकेश जयसवालले जानकारी दिए ।

# शिक्षक सरुवाबारे एमाले नगर कमिटीको ध्यानाकर्षण

**मधेशदृष्टि**
**बारा ।**
नेकपा एमाले जितपुरसिमरा नगर कमिटी बाराले शिक्षक सरुवाको सन्दर्भमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र जनप्रतिनिधिबीचको विवादबारे ध्यानाकर्षण भएको जनाएको छ । बिहीबार एक विज्ञप्ती जारी गर्दै नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिमरामा गत साउन २९ गते जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलद्धारा शिक्षक सरुवा सन्दर्भमा वडा नम्बर २ का वडाध्यक्ष धनबहादुर श्रेष्ठ र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीमाथि गरिएको अभद्र व्यवहारप्रति पार्टीको गम्भिर ध्यानाकर्षण भएको जनाएको हो ।
'शिक्षक सरुवा सन्दर्भ उत्पन्न भएका कुनै पनि समस्याको समाधान आपसी सहमति र सहकार्य तथा कानुन अनुसार गर्न गराउन नेतृत्वदायी भूमिका खेल्नुपर्ने अभिभावकबाटै विद्यालय सञ्चालन भइरहेको समयमा नेपाल प्रहरी, नगर प्रहरी र आफू सम्बद्ध पार्टीका कार्यकर्ताहरुसहित विद्यालय हाताभित्र प्रवेश गरि विद्यार्थीहरुलाई मनोवैज्ञानिक ढंगबाट त्रसिद् बनाई वडाध्यक्ष धनबहादुर श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीमाथि गरिएको अभद्र व्यवहारको नेकपा एमाले जीतपुरसिमरा उपमहानगर कमिटी भत्र्सना गर्दछ' विज्ञप्तीमा भनिएको छ ।
विज्ञप्तीमा विद्यालयजस्तो शान्ति क्षेत्रमा यस्ता खालको अभद्र क्रियाकलाप नदोहो¥याउन नगर प्रमुख राजन पौडेललाई चेतावनीसमेत दिइएको छ ।

# सेन्ट जेभियसमा दन्त शिविर सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको श्रीपुर स्थित सेन्ट जेभियस स्कूलमा निःशुल्क दन्त शिविर सम्पन्न भएको छ । लायन्स क्लव वीरगंज परिवारसहित विभिन्न सात वटा लायन्स क्लवहरुको सयुक्त आयोजनामा बिहीबार वीरगंजको श्रीपुर स्थित सेन्ट जेभियस स्कूलमा निःशुल्क दन्त शिविर सम्पन्न भएको हो । शिविरमा एक सय ७० जना विधार्थीहरुको दाँतको परिक्षण गरिएको लायन्स क्लव वीरगंज परिवारका अध्यक्ष भानु भक्त अधिकारीले बताए ।
शिविरमा डिस्टिक ३२५ एसका डिस्टक गर्भनर लायन तासी डोल्मा थुमहांगपेको प्रमुख आतिथ्यमा दन्त शिविर सम्पन भएको हो । उक्त कार्यक्रममा एरिया प्रमुख श्याम गुप्ता, डिस्टक चिफ बासु तिमिल्सीना, डिस्टिक सचिव गौरी चिमोरिया, कोषाध्यक्ष रजनी तिवारी, लायन बिजया ओजिया, नरोत्तम पाण्डे, चन्द्रशेखर प्रसाद, रामेश्वर गुप्ता, स्कूलका प्रधानाध्यापक, शिक्षकसहित लायन्स क्लवका पदाधिकारीहरुको सहभागिता रहेको थियो । लायन्स क्लब एक्सिलेन्सका अध्यक्ष डा.मनोज कुमार उपाध्यायसहित ६ जना चिकित्सकहरुको टोलीले शिविरमा विद्यार्थीहरुको दन्त परीक्षण गरेका थिए ।

# ६३ लाख बराबरको सामान बरामद

**मधेशदृष्टि**
**बारा ।**
बारा प्रहरीले ठूलो मात्रामा भन्सार छलीका विभिन्न खुद्रा सामानहरु बरामद गरेको छ । प्रहरीले विशेष सूचनाको आधारमा जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ पथलैया चोकबाट भन्सार छलीका ६३ लाख ५३ हजार रुपैयाँ मूल्य बराबरको सामानसहित ट्रक नियन्त्रण लिएको हो । प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरी टोलीले सामानसहित ना ४ ख ५४०६ नम्बरको ट्रक नियन्त्रणमा लिएको बारा प्रहरी प्रवक्ता प्रकाश सापकोटाले बताए । उनका अनुसार वीरगंजबाट बाँकेतर्फ जाँदै गरेको अवस्थामा जाँच गर्दा ट्रकबाट बिल बिजक भन्दा बढीका ६३ लाख ५३ हजार ३८९ रुपैयाँ मूल्य बराबरका सामान बरामद भएको हो । प्रहरीले ट्रकबाट मोबिल, हार्डवेयर, कपडा, प्लाष्टिक, औषधी, किराना आइटमलगायतका अन्य खुद्रा सामानहरु बरामद गरेको जनाएको छ । बरामद सामानसहित ट्रकलाई आवश्यक कारबाहीका लागि राजश्व कार्यालय पथलैयामा पठाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# स्वतन्त्रता दिवसमा सीमा क्षेत्रमा झण्डोत्सव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
छिमेकी मित्रराष्ट्र भारतको ७८औं स्वतन्त्रता दिवसको सीमानाकामा पनि मनाइएको छ । स्वतन्त्रता दिवसको अवसरमा धनुषाको जटही सीमा नाकास्थित सशस्त्र सीमा बल जटही पिपरौन चोक पोस्टमा झण्डा फहराएर स्वतन्त्रता दिवस मनाइएको हो । सीमा सुरक्षा बलको ४८ वि बाहिनी पिपरौन कार्यालय, अस्पताल, प्रहरी चौकी, हाईस्कुल, बैंक, हुलाक कार्यालय, इन्स्पेक्टरको कार्यालयलगायत सरकारी तथा गैरसरकारी कार्यालयमा झण्डा फहराई स्वतन्त्रता दिवस मनाइएको हो । सीमा सुरक्षा बलको ४८ वि बाहिनी पिपरौन कार्यालयका प्रमुख सुनिल दत्तको अध्यक्षतामा भएको झण्डोत्सव कार्यक्रममा नेपाल–भारत खुला सीमा सम्वाद समूहका अध्यक्ष तथा राष्ट्रिय मुक्ति क्रान्ति अभियानका नेता डा.राजीव झा र बाहिनीका प्रमुख इन्सपेक्टर दत्तले संयुक्तरूपमा नेपाल–भारतको सीमा जटहीमा भारतको झण्डा फहराइएको थियो । उक्त कार्यक्रममा नेपालको तर्फबाट नेपाल–भारत खुला सीमा सम्वाद समूहका अध्यक्ष डा.झा, नेपाल प्रहरीका वरिष्ठ सई सुरेन्द्र खेरवार, सशस्त्र प्रहरी सई शिव खवास र भारतको तर्फबाट सीमा सुरक्षा बलको ४८ वि बाहिनी पिपरौन कार्यालयका प्रमुख इन्स्पेक्टर सुनिल दत्त, जयनगर कार्यालयका इनस्पेक्टर अंकुर मिश्रका साथै एलसीएस पिपरौन कार्यालयबाट सञ्जय कुमारको उपस्थिति रहेको थियो । नेपाल र भारतबीच पौराणिक सम्बन्धका साथै छिमेकी देश रहेकै कारण नेपालबाट पनि भारतलाई शुभकामना दिनेको ओइरो नै लागेको हुन्छ । यसै अवसरमा भारतको तर्फबाट नेपालस्थित गैरनाफामूलक विभिन्न संघ संस्थालाई एम्बुलेन्स, स्कुल बस प्रदान गर्दै आएको छ ।

# भारतीय दूतावासले मनायो स्वतन्त्रता दिवस



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको ७८ औं स्वतन्त्रता दिवसको अवसरमा वीरगंज स्थित भारतीय महावाणिज्य दुतावासमा विविध कार्यक्रमको आयोजना गरिएको छ । सो अवसरमा भारतले नेपाललाई प्रदान गरेको ६६ वटा स्कूल बस र ३५ वटा एम्बुलेन्स काठमाडौँ तथा वीरगंजबाट वितरण गरिएको छ । यसैगरी वीरगंजमा आयोजित विशेष कार्यक्रममा भारतीय दुतावासले स्कूल बस र एम्बुलेन्स हस्तान्तरण गरेको हो । भारतले स्वतन्त्रता दिवसको अवसरमा प्रत्येक वर्ष नेपाललाई एम्बुलेन्स र स्कूल बस प्रदान गर्दै आएको छ । यो परम्परालाई निरन्तरता दिँदै, भारतले हालसम्म १,००९ एम्बुलेन्स र ३०० स्कूल बस नेपाललाई प्रदान गरिसकेको छ । भारतीय दुतावासले दिएको जानकारी अनुसार, पछिल्लो एक वर्षमा भारतीय सहयोगमा नेपालमा २५ परियोजना उद्घाटन गरिएको छ भने ६ परियोजनामा हस्ताक्षर भएको र ९ वटा परियोजनाको शिलान्यास गरिएको छ । गत पुस महिनामा नेपाल र भारतका परराष्ट्रमन्त्रीस्तरीय सहमतिपछि भारतले नेपालमा परियोजनामा सिधै २० करोड खर्च गर्न पाउने व्यवस्था गरिएको थियो। यस सहयोगले दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ । यस अवसरमा नेपाल–भारत मित्रता र सहकार्यको नयाँ अध्याय थपिएको भारतीय दुतावासले जनाएको छ । यसैबीच काठमाडौँस्थित भारतीय राजदुतावासमा भारतको ७८औं स्वतन्त्रता दिवस मनाइएको छ । सो अवसरमा बिहीबार नेपालका लागि भारतीय राजदुत नवीन श्रीवास्तवले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरी समारोहको शुभारम्भ गरेका थिए । कार्यक्रममा भारतका राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले राष्ट्रका नाममा गरेको सम्बोधन भिडियोमार्फत प्रस्तुत गरिएको थियो । राष्ट्रपतिको उक्त सन्देशमा विगत ७७ वर्षमा विभिन्न क्षेत्रमा भएको प्रगतिमाथि प्रकाश पारिएको र भारतको स्वतन्त्रताका लागि आफ्नो जीवन बलिदान दिने स्वतन्त्रता सेनानीहरूलाई श्रद्धान्जली अर्पण गरिएको थियो । कार्यक्रममा राजदुत श्रीवास्तवले भारतीय सशस्त्र बलका मृतक गोर्खा सैनिकका श्रीमती र निकटतम नातेदारलाई पाँच करोड ५० लाख रुपैयाँ र कम्बल वितरण गरी सम्मान गरेका थिए । साथै भारतीय सशस्त्र बलका मृतक सैनिकका श्रीमती एवम् एक सय सात मृतक सदस्यका निकटतम नातेदारका लागि १२ करोड ५५ लाख रुपैयाँ भुक्तानी दिइएको छ । दुतावासले नेपालका पाँच प्रदेशका २१ शैक्षिक संस्था र पुस्तकालयका लागि पुस्तक अनुदानको पनि घोषणा गरेको छ । यस पहिले प्राप्त अनुरोधको प्रत्युत्तरमा दुर्गम क्षेत्रका विद्यार्थीका लागि शैक्षिक सामग्रीमा पहुँच बढाउने लक्ष्य राखेको छ ।

# ‘एक पेड माँ के नाम’ अभियानअन्तर्गत वृक्षरोपण



भारतीय दुतावास, लैनचौरमा आफ्ना आमाहरुको सम्मानमा सबैलाई वृक्षरोपण गर्न आग्रह गर्दै ‘एक पेड माँ के नाम’ अभियानअन्तर्गत वृक्षरोपन गरिएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व वातावरण दिवस, २०२४ का अवसरमा ‘एक पेड माँ के नाम’ अभियान शुभारम्भ गरेका थिए । सो अभियानलाई भारतीय जनताको समर्थन र सहभागितासहित सफल कार्यक्रमका रुपमा भारतभर लिइने गरेको छ । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले बिहीबार लैनचौरस्थित दुतावास परिसरमा नीलो गुलमोहरको बिरुवा रोपेर वातावरण संरक्षण एवं संवद्र्धन अभियानमा ऐक्यबद्धता जनाए । दुईदिने नेपाल भ्रमणको क्रममा भारतीय विदेश सचिव विक्रम मिस्री पनि यही साउन २७ गते दुतावास परिसरमा नीलो गुलमोहरको बिरुवा रोपेर सो अभियानमा सरिक भएका थिए । वातावरण संरक्षण तथा वातावरणीय दिगोपन प्रवद्र्धन गर्न भारतीय ‘डायस्पोरा’का सदस्य एवं भारत–नेपाल मैत्री सङ्घका पदाधिकारी तथा प्रतिनिधिहरूले दुतावास परिसरमा बिरुवाहरु रोपी अभियानमा ऐक्यबद्धता व्यक्त गरेको थिए । ‘एक पेड माँ के नाम’ पहलसँगै नेपालस्थित भारतीय दुतावास, लैनचौरले विभिन्न जातका ७८ वटा बिरुवा दुतावास परिसरमा रोप्दै भारतको ७८औं स्वतन्त्रता दिवस मनाएको छ ।

# वस्तीमा बाघ देखिएपछि ठोरीका स्थानीय आतंकित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज ठोरी हुलाकी सडक खण्डमा बाघ देखिएपछि ठोरीको मालिवस्ती वरपरका क्षेत्रमा बाघ आतङ्क मच्चिएको छ । हुलाकी सडक अन्तरगत पर्ने मालिवस्ती नजिकै बिहीबार बाघ देखिएपछि वरपरका स्थानीयहरु त्रसित भएका हुन् । मालीवस्ती नजिकैको ओरिया खोला किनारमा बिहान पाटेबाघ देखिएपछि बाघ हेर्न स्थानीयको भिड नै लागेको थियो । केही दिनयता रातको समयमा सो क्षेत्र वरपर लगातार नै बाघ ओहोरदोहोर गरिरहेको मालीवस्तीका स्थानीयले बताए । बाघ देखिएपछि हात्तीसहित नेपाली सेना, नेपाल प्रहरी लगायतले बाघलाई नियन्त्रणमा लिन खोजेको भएपनि सफल हुन सकेन । ओरिया खोला वारी हुलाकी सडक किनारमा रहेको बाघ मानिसको होहल्ला भएपछि खोलापारीको काँसघारीपट्टी लागेको प्रत्यक्षदर्शीहरुले बताएका छन् । दिनदहाडै हुलाकी सडक किनारमा नै बाघ देखिन थालेपछि रातिको समयमा घरबाहिर निस्कन डर लाग्न थालेको स्थानीय बताउँछन् । पछिल्लो समय बाघ आतङ्क बढ्दै गएकोले घर वरपर पनि तारजाली लगाउनुपर्ने अवस्था आइपरेको उनीहरुको भनाई छ । ठोरीमा बाघले खोरमा नै झम्टेर गाइवस्तु खाने क्रम नरोकिरहेको बेला दिनदहाडै बाघ देखिएपछि स्थानीयमा बाघ आतङ्क बढेको हो ।

# प्रदेश वन निर्देशनालयको भवन निर्माण कार्य सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश वन निर्देशनालयको भवन निर्माण कार्य सम्पन्न भएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह तथा मधेश प्रदेशका वन तथा वातवरणमन्त्री त्रिभुवन साहले बिहीबार एक समारोहबीच जनकपुरधाम उपमहानगरपालिका–४ स्थित उक्त भवनको उद्घाटन गरे । करिब दुई कठ्ठा जमिनमा निर्माण सम्पन्न भएको सो कार्यालय भवन तीन तलाको रहेको छ । तीन तल्ले सो भवनमा एक सभाहलसहित २१ कोठा रहेको छ । रामजानकी निर्माण सेवा जनकपुरधामले पाँच करोड चार लाख १९ हजार रुपैयाँको लागतमा भवन निर्माण गरेको निर्देशनालयका प्रमुख जगन्नाथप्रसाद जयसवालले जानकारी दिए । भवन निर्माण गर्ने क्रममा तीन पटक म्याद थप गरिएको थियो ।
सो अवसरमा मुख्यमन्त्री सिंहले मधेश प्रदेशअन्तर्गत वनक्षेत्रको विकास एवम् संरक्षण गर्न मधेश प्रदेश सरकारले लिएको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न तथा गराउन सबैलाई आग्रह गरे । यस्तै प्रदेश वन तथा वातावरण मन्त्री त्रिभुवन साहले वातावरण संरक्षण गर्न वन संरक्षण आवश्यक भएको उल्लेख गरे ।

# जसपाको सर्लाही जिल्ला कार्यसमिति गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) सर्लाहीले २५ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको छ । पार्टीका केन्द्रीय अध्यक्ष अशोक कुमार राईको प्रमुख आतिथ्यतामा बिहीबार सम्पन्न जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेला तथा जिल्ला समिति घोषणा सभा कार्यक्रम मार्फत शम्भु प्रसाद यादवको अध्यक्षतामा नयाँ जिल्ला कार्यसमिति गठन गरिएको हो । जसपा मधेश प्रदेश संयोजक तथा पूर्व प्रदेश सभा सदस्य अशोक कुमार यादवको अध्यक्षतामा अगुवा कार्यकर्ता भेला तथा जिल्ला समिति घोषणा सभा सम्पन्न भएको हो । पार्टीको संगठनलाई सुदृढ बनाउनका लागि स्थानीय तहमा क्रियाशील कार्यकर्ताहरूलाई जिम्मेवारी दिनुपर्ने आवश्यकता वक्ताहरूले औँल्याएका छन् । कार्यक्रममा प्रमुख अतिथि जसपा केन्द्रीय अध्यक्ष राईले वर्तमान राजनीतिक परिप्रेक्ष्यमा जनता समाजवादी पार्टीको भूमिकालाई विशेष ध्यान दिनुपर्नेमा जोड दिए । उनले मधेशको हक अधिकार र संघीयता जोगाउन पार्टीले निरन्तर संघर्ष गर्ने उल्लेख गरे । पार्टीका सह–अध्यक्ष रेणु कुमारी यादवले महिला र अल्पसंख्यक समुदायको प्रतिनिधित्वलाई सुदृढ बनाउनुपर्ने बताइन् । कार्यक्रममा अन्य वक्ताहरूले आफ्नो भनाइ राख्दै नयाँ कार्यसमितिलाई सफल कार्यकालका लागि शुभकामना व्यक्त गरेका थिए ।

# बाढीपहिरोलगायतका विपद्मा परी आजसम्म १७५ को मृत्यु

**काठमाडौँ ।**
अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरोलगायतका विपद्मा परी बिहीबारसम्म एक सय ७५ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । पहिरोलगायत विपद्मा परी काठमाडौं उपत्यकामा तीन जना, कोशी प्रदेशमा २७ जना, मधेस प्रदेशमा आठ जना, बागमती प्रदेशमा ३१ जना, गण्डकी प्रदेशमा ५४ जना, लुम्बिनी प्रदेशमा ३३ जना, कर्णाली प्रदेशमा आठ जना र सुदुरपश्चिम प्रदेशमा ११ जना गरी जम्मा एक सय ७५ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए । उनकाअनुसार बाढीपहिराबाट काठमाडौँ उपत्यकामा ११ जना, कोशी प्रदेशमा ३७ जना, मधेश प्रदेशमा ११ जना, बागमती प्रदेशमा २३ जना, गण्डकी प्रदेशमा ४६ जना, लुम्बिनी प्रदेशमा १३ जना, कर्णाली प्रदेशमा ५५ जना र सुदुरपश्चिम प्रदेशमा २८ जना गरी जम्मा दुई सय २४ जना घाइते भएका छन् । बाढीपहिराबाट काठमाडौँ उपत्यकामा २८ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा तीनजना, कर्णाली प्रदेशमा दुईजना र सुदूरपश्चिम प्रदेशमा पाँच जना गरी जम्मा एक सय १३ जनाको उद्दार गरिएको प्रवक्ता कार्कीले बताए । बाढीका कारण दुई सय ८६ वटा घर, एक सय पाँच वटा गोठ, ४१ वटा पुल, दुई वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । बाढी पहिरोमा परी आजसम्म आठ सय २० वटा पशु चौपायको मृत्यु भएको प्रहरीले जनाएको छ । उक्त अवधिमा विपद्का घटनाबाट चार हजार चार सय ७२ घर परिवार विस्थापित भएका प्रवक्ता कार्कीले जानकारी दिए ।






# राष्ट्रिय परिचयपत्रलाई थप व्यवस्थित बनाउन माग

**काठमाडौँ ।**
राष्ट्रियसभाको बिहीबारको बैठकमा सांसदहरुले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकमा राजनीतिक सहमति भएकामा प्रसन्नता व्यक्त गरे । यस्तै, उनीहरुले मुलुकको पछिल्लो राजनीतिक अवस्था एवम् राष्ट्रिय तथा स्थानीय समस्याका बारेमा सरकारको ध्यानाकर्षण गराए ।



सभाको विशेष समयमा बोल्दै सांसद सोनामग्याल्जेन शेर्पाले विद्युतीय जोखिमका क्षेत्रमा काम गर्नेलाई प्रभावकारी बीमाको प्रबन्ध गर्न, सुरक्षाका उपकरणको प्रयोग गर्न तथा सञ्चार सम्पर्कको व्यवस्थित प्रबन्ध गर्न माग गरे । उनले राष्ट्रिय परिचयपत्रलाई थप व्यवस्थित बनाउन तथा त्यसको प्रयोगलाई बढावा दिनुपर्नेमा जोड दिए । राष्ट्रिय सहमतिका आधारमा नै संविधान संशोधनलगायतका विषयलाई अगाडि बढाउनुपर्ने सांसद शेर्पाको भनाइ छ ।
सांसद झक्कुप्रसाद सुवेदीले माओवादीले सञ्चालन गरेको ‘जनयुद्ध’लाई हिंसात्मक द्वन्द्व भनिएकामा आपत्ति प्रकट गरे । उनले जनताको अधिकार स्थापित गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको राजनीतिक अभियानलाई गलत संज्ञा दिइएकाप्रति गुनासो गरे ।
सांसद नारायणदत्त भट्टले मुलुकको द्वन्द्व व्यवस्थापनका लागि सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक बुधबार प्रतिनिधिसभाबाट पारित भएकामा खुसी व्यक्त गरे । सांसद मोहम्मद खालिदले कमला पुलको निर्माणमा ध्यान नदिइएका कारण स्थानीयवासी मर्कामा परेका भए पनि कुनै सुनुवाइ नभएको गुनासो गरे । सांसद तुलसाकुमारी दाहालले राष्ट्रिय परिचयपत्र अनिवार्य गरिँदा ज्येष्ठ नागरिकले स्थानीय स्तरमा पीडा पाएको उल्लेख गर्दै तत्काल समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराइन् । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन